| 4. Analysis and interpretation of the case | 2 | 2 |
| 5. Findings, conclusions & suggestions | 2 | 2 |
| **Total** | **10** | **10** |

# पहिलो भाग (Part One)

## १. नीतिगत आवश्यक सर्तहरु एवम् कार्यविधिहरु (Requirements and Procedures)

क) सामाजिक न्याय शिक्षा स्नातकोत्तर तह दोस्रो वर्षका पाठ्क्रममा interdisciplinary विषयका रूपमा राखिएको छ ।

ख) स्नातकोत्तर तह प्रथम वर्षको वार्षिक परीक्षा उत्तीर्ण नियमित तथा अघिल्लो वर्षका छुट भएका विद्यार्थीहरुका लागि SJEd 529 सामाजिक न्याय शिक्षाको प्रयोगात्मक कार्यक्रम सञ्चालन गरिने छ ।

ग) यो निर्देशिका विद्यार्थीहरुका लागि यस पाठ्याँशको पूर्व जानकारी हो । क्याम्पसले अर्को सूचना प्रकाशित गर्ने छैन । कार्यक्रम मात्र प्रकाशित गर्ने छ ।

घ) यस विषयको कार्यक्रम On Campus Session र Field Work गरी दुई चरणमा सञ्चालन गरिने छ ।

ङ) यस विषयको कार्यान्वयनमा On Campus Session लाई अनिवार्य आवश्यकता कायम गरिएको छ ।

च) प्रत्येक विद्यार्थीले Mandatory Session मा सहभागी हुन दोस्रो वर्षको भर्नासँगै क्याम्पसले तोकेका शुल्क बुझाउनु पर्ने छ ।

छ) उक्त कार्यक्रमको अनुगमन एवम् व्यवस्थापन गर्न क्याम्पस प्रमुखको अध्यक्षतामा सहायक क्याम्पस प्रमुख वा विभागीय प्रमुख तथा एक विषय शिक्षक भएको प्रयोगात्मक विषय कार्यान्वयन समितिद्वारा सञ्चालन गरिने छ । यसको मिति, समय र विधि विभागीय प्रमुखको शिफारिसमा क्याम्पसले तोके बमोजिम हुने छ ।

**पहिलो चरण (First Phase)**

## २. पूर्व अभ्यास कार्यक्रम (On Campus Program)

क) यो विषयको On Campus र Off Campus Program, Ed Pm 599 को समय सँगसँगै सञ्चालन गरिने छ ।

ख) अभिमुखीकरण कार्यक्रम सानो समूहमा (१: २० सम्मको) सञ्चालन गरिने छ ।

ग) न्यूनतम ३/४ पृष्ठको टाइप गरेको अनुसन्धान प्रस्ताव अभिमुखीकरण कार्यक्रममा प्रत्येक विद्यार्थीले पेस गर्नुपर्ने छ ।

घ) अनुसन्धान प्रस्तावको SJEd Practical Committee बाट अनुमोदन गराई कार्य प्रारम्भ गर्नु पर्ने छ ।

## दोस्रो चरण (Second Phase)

### ३. अध्ययन प्रतिवेदन लेखन (Off Campus Program)

क) अनुमोदित प्रस्तावका आधारमा तोकिएको सुपरिवेक्षकको निर्देशनमा निर्धारित समयावधिभित्र पुरा गर्नुपर्ने छ ।

ख) अध्ययन प्रतिवेदन अनुसन्धानात्मक ढाँचामा सुपरिवेक्षकको निर्देशन अनुसार तयार गर्नु पर्ने छ ।

ग) अध्ययनको प्रस्ताव एवम् प्रतिवेदन त्रि.वि.को ढाँचा अनुसार क्याम्पसले निर्धारण गरेको Format का आधारमा तयार गर्नु पर्ने छ ।

घ) सामाजिक न्याय शिक्षाको २ प्रति प्रतिवेदन सम्बन्धित समितिमा बुझाउनु पर्ने छ ।

ङ) यस विषयको मौखिक परीक्षा त्रि.वि. परीक्षा नियन्त्रण कार्यालयको अनुमतिका आधारमा क्याम्पसले तोकेको मिति, स्थान एवम् समयमा हुने छ । सोमा परीक्षाको प्रवेशपत्र एवम् क्याम्पसले निर्धारण गरेको आवश्यक सर्तहरु एवम् आवश्यकताहरु वाह्य परीक्षक समक्ष पेस गर्नु पर्ने छ ।

च) वाह्य परीक्षकले परीक्षा सकिएको हप्ता दिनभित्र त्रि.वि.परीक्षा नियन्त्रण कार्यालयमा प्राप्ताङ्क बुझाउने व्यवस्था गरिने छ ।

# दोस्रो भाग (Part Two)

**अध्ययन प्रतिवेदन लेखन (Report Writing )**

**नमुनाः**

**परिच्छेद एक : परिचय**

१.१ समस्याको कथन (पृष्ठभूमि सहित)

१.२ अध्ययनको औचित्य (यो अध्ययन किन गर्नु परेको हो ?)

१.३ अध्ययनको उद्देश्य

१.४ अनुसन्धान प्रश्नहरु

१.५ अध्ययनको सीमितता

**परिच्छेद दुईः सम्बन्धित साहित्यको अध्ययन**

२.१ सम्बन्धित साहित्यको चयन

२.२ ती साहित्यको पुनरावलोकन

**परिच्छेद तिन : अध्ययन पद्धति**

३.१ मामिलाको डिजाइन (ढाँचा)

३.२ साधनको निर्माण जस्तैः अन्तर्वार्ता, फोकस ग्रुप छलफल, प्रश्नावली आदि

३.३ तथ्याङ्कका स्रोतहरु (प्राथमिक तथा द्वितीय)

३.४ तथ्याङ्क सङ्कलन प्रविधि/प्रक्रिया

**परिच्छेद चार : प्रस्तुति तथा विश्लेषण**

४.१ तथ्याङ्कको आधारमा मामिलाको व्याख्या प्रस्तुति तथा विश्लेषण

४.२ उक्त विश्लेषणका आधारमा शीर्षक/उपशीर्षकमा (उद्देश्य अनुरूप) वर्गीकरण गरी पुष्टि गर्ने र विभिन्न खण्डको अन्तरसम्बन्ध स्थापित गर्ने

**परिच्छेद पाँच : प्राप्ति, निष्कर्ष र सुझावहरु**

५.१ मामिलाको प्राप्ति (माथिको विश्लेषणको आधारमा)

५.२ मामिलाका निष्कर्ष (प्राप्तिको आधारमा)

५.३ मामिलाका सुझावहरु (प्राप्तिको आधारमा) । यो नीतिगत, अभ्यास/व्यवहारगत, र अनुसन्धान तह गरी तिन भागमा प्रस्तुत गर्नु पर्दछ ।

**सन्दर्भ सूची:** यो APA format मा हुनुपर्दछ । तर यहाँनेर नभई सिङ्गो रिपोर्टको अन्तमा यसलाई पेश गर्नु पर्दछ ।

**परिशिष्ट:** यसमा मामिला अध्ययनको सहभागीहरु, प्रयुक्त साधनहरु, कुनै पनि तथ्याङ्कहरु, ठुला तालिकाहरु आदि समावेश गरिन्छन् ।

**शीर्षकका उदाहरणहरु (नमुना) :**

- दृष्टिविहिन विद्यार्थीहरुले औपचारिक शिक्षा प्राप्तिमा भोगेका समस्याहरु
- महिला विरुद्ध हुने घरेलु हिंसा वा घरेलु बालश्रमको अवस्था
- आमाको मायाबाट वञ्चित बाल बालिका
- सम्पूर्ण शैक्षिक प्रक्रिया स्वयममा नै सामाजिक न्याय प्राप्तिको साधन हो । यसमा कुनै पनि विषयमा शीर्षक तथा उप शीर्षक राखेर अनुसन्धान गर्न सकिन्छ । तर पनि शोधार्थीहरुमा सामान्यतः विषय छनोटमा समस्या पर्ने देखिएकोले केही सम्भावित विषयहरु तल दिइएका छन् ।
- विशेष शिक्षा र त्यसका पात्रहरु
- सिकाइमा असहजताः सबलाङ्गमा वा अपाङ्गमा
- अपाङ्गताका किसिम र तिनका लागि शिक्षा प्राप्तिका विभिन्न उपाय
- जात, वर्ण, लिङ्ग, तथा धर्म र सँस्कृति
- यौनिक अभिमुखीकरण र त्यसले शिक्षा प्राप्तिमा पारेको असर
- साक्षरता शिक्षा वा शिक्षामा कम्प्युटरको प्रयोग
- शिक्षाले दिन सकेको समता र समानता
- शिक्षाले दिन नसकेको समता वा समानता
- विविधतामा एकता
- नागरिक शिक्षासम्बन्धी धारणा
- उच्च शिक्षाका विभिन्न आयाम
- माध्यमिक शिक्षा र यसको अनिवार्यता
- आधारभूत शिक्षा र यसको अनिवार्यता
- स्वास्थ्य शिक्षा, शारीरिक शिक्षाको आवश्यकता र अनिवार्यता
- मानव अधिकार शिक्षाको आवश्यकता र अनिवार्यता
- शैक्षिक नीति निर्माणमा जात , धर्म,लिङ्ग, वर्णको समावेशिता
- शिक्षक शिक्षामा विषय विशिष्टता
- शिक्षक शिक्षामा विषय विविधता
- समाजमा द्वन्द्वले भौतिक विकासमा, शिक्षामा, स्वास्थ्यमा, सामाजिक न्यायमा पारेको असर (सकारात्मक तथा नकारात्मक)

- लोकतन्त्र वा मानव अधिकार र सामाजिक न्याय
- कानुनी न्याय र सामाजिक न्याय
- सामाजिक न्यायका विविध पक्ष
- लैङ्गिक असमानता र लैङ्गिक समानता वा लैङ्गिक हिँसा
- बालक, किशोर तथा युवाहरुको भविष्य चिन्तन
- बाल बालिका, किशोर, युवा तथा प्रौढहरुको मनोविज्ञान
- ज्येष्ठ नागरिकप्रतिको कर्तव्य
- महिला शिक्षा वा बाल अधिकार वा महिला अधिकार
- अपाङ्ग अधिकार वा दलित अधिकार
- सीमान्तीकृत तथा वहिष्करणमा परेका जन समुदायको अधिकार
- समाजमा विद्यालयको असर–नकारात्मक तथा सकारात्मक
- विद्यालय सानो समाजको रूपमा
- विद्यालयमा दिइने शारीरिक तथा मानसिक दण्डको कारणले विद्यार्थीको भावी जीवनमा पर्ने प्रभाव
- घरेलु हिँसाले बाल बालिकामा परेको असर
- बाल अपराध र रोकथाम
- विशेष तथा सामान्य बाल बालिकाहरुको स्वतन्त्रता तथा शैक्षिक उपलब्धि
- बहु सँस्कृति वा बहु धार्मिकता वा सामाजिक सहिष्णुता
- शिक्षक शिक्षाको परम्परागत शैलीमा गर्नुपर्ने सुधार
- शैक्षिक प्रशासन वा विभिन्न शैक्षिक प्रक्रियामा गरिने मूल्याङ्कन
- मूल्याङ्कनमा गरिनु पर्ने सुधार
- पाठ्यक्रम निर्माण र यसमा समाजको भूमिका
- पाठ्य पुस्तक निर्माण र यसमा समाजको भूमिका
- शैक्षिक सामग्री निर्माण
- शैक्षिक प्रक्रियामा अपनाइने विभेद
- विभेदले पार्ने सकारात्मक तथा नकारात्मक असर
- विद्यालयको आवश्यकता वा अभिभावक शिक्षा
- अभिभावकको शैक्षिक प्रक्रियामा सक्रिय सहभागिता
- विद्यालयको पढाइको माध्यम–मातृभाषा,राष्ट्रभाषा वा अन्तर्राष्ट्रिय भाषा वा काम खोज्नका लागि जाने देशको भाषा  आदि इत्यादि थुप्रै विषयहरुमा अनुसन्धान गर्न सकिन्छ ।

**प्रथम पेजको नमूनाः**

# शीर्षक

त्रिभुवन विश्व विद्यालय, शिक्षाशास्त्र संकाय, शैक्षिक योजना तथा व्यवस्थापन
विशिष्टीकरण विषय अन्तर्गत स्नातकोत्तर तह (एम. एड) दोस्रो वर्षको
सामाजिक न्याय शिक्षा (एस जे ई ५२९) को प्रयोगात्मक
आँशिक आवश्यकता परिपूर्तिका लागि प्रस्तुत

## अध्ययन प्रतिवेदन

**शोधकर्ता**

.........................
एम.एड. दोस्रो वर्ष
परीक्षा रोल नं..........
त्रि.वि. रजिस्ट्रेशन नं............

काठमाडौं शिक्षा क्याम्पस, इपिएम विभाग
रामशाह पथ, काठमाडौं
२०७१

**Model of Cover Page**

# Title

**Submitted to:**

Tribhuvan University, Faculty of Education, Specialization in Educational Planning and Management in Partial Fulifillment of Requirement of SJEd 529 for the Degree of Master's in Education

**STUDY REPORT**

**Submitted by:**

……………..……..

Campus Roll No. ……

Exam No………………….

T. U. Registration No…………..…

Kathmandu Shiksha Campus

Ramshah Path, Kathmandu

2071

# इडी ५९८

# शैक्षिक योजना तथा व्यवस्थापनमा शोधपत्र लेखन

# Ed. 598

# Thesis Writing in Educational Planning and Management

# शोध पाठ्यॉँश (इडी ५९८) कार्यान्वयन प्रक्रियाका नियमहरु

शोध पाठ्यांशको कार्यान्वयन प्रक्रियाका लागि शोधकर्ताहरुले निम्न अनुसारका अनिवार्य सर्तहरुको पालना गर्नुपर्ने छ ।

**पहिलो चरण : पूर्व अध्ययन कार्यक्रम (Pre Study Activites)**

१. शोध पाठ्यांशमा संलग्न हुन तोकिएको शुल्क तिरेर निर्धारित फाराम अनिवार्य रूपमा भर्नु पर्ने छ । साथै दोस्रो वर्षको प्रवेश पत्र र पहिलो वर्षको लब्धाङ्क पत्र समेत समावेश गर्नु पर्ने छ ।

२. क्याम्पसले तोकेको समयमा अभिमुखीकरणा कार्यक्रममा अनिवार्य उपस्थित भई सहभागी हुनु पर्ने छ । अन्यथा शोध प्रस्तावना शीर्षकको अनुमति दिइने छैन ।

३. क्याम्पसले निर्धारण गरेको समयभित्र न्यूनतम ५ देखि १० पृष्ठको शोध प्रस्तावना शोध पाठ्यांश (इडी ५९८) को ढाँचा (Format) मा टाइप गरी बुझाउनु पर्ने छ । शोध प्रस्तावनाको प्रतिरक्षा पहिले बुझाउनेको पहिले (First come first served) को आधारमा सञ्चालन हुने छ । प्रतिरक्षा कार्यक्रम १ देखि ५ व्यक्ति सम्मको एकैसाथ हुन सक्ने छ ।

**दोस्रो चरण : क्षेत्रगत अध्ययन (Field Study Activites)**

१. शोध प्रस्तावना स्वीकृत भएपछि विभागले शोध निर्देशक तोक्ने छ र शोध प्रस्तावना स्वीकृत भई सकेपछि क्षेत्रगत अध्ययनमा शोधकर्ता संलग्न हुनुपर्ने छ ।

२. शोध निर्देशकसंग शोधपत्रबारे आवश्यक सर सल्लाह गरी प्रारम्भमा पहिलो, दोस्रो र तेस्रो परिच्छेद सहित साधनहरु बनाई प्राप्त सुझाबहरुको अध्ययनको उद्देश्य पुरा गर्न सामान्य विश्लेषण समेत गरी कम्तीमा ३ महिनाभित्र आफ्नो शोध निर्देशकसंग सम्पर्क राखी अध्ययनकर्ता अगाडि बढाउनु पर्ने छ ।

३. शोध निर्देशकको अनुमति प्राप्त भएपछि तोकिएको शुल्क क्याम्पसमा बुझाई ३ प्रति शोध प्रस्ताव मस्यौदा शैक्षिक प्रशासनमा बुझाउनु पर्ने छ । र न्यूनतम तिन जनाको प्रस्ताव मस्यौदा जम्मा भएपछि तोकिएको मितिमा सोको प्रतिरक्षा (Defence) कार्यक्रममा सहभागी हुनुपर्ने छ ।

४. शोध प्रतिरक्षा पछि शोध निर्देशकको सुझावका आधारमा पहिलो, दोस्रो र तेस्रो परिच्छेद अध्ययनका आधारमा साधनहरु (Tools) निर्माण गरी पूर्व परीक्षण (Pre-Test) गरी उद्देश्य प्राप्ति हुन सके नसकेको बारे अधययन गरी शोध निर्देशकसंग दोस्रो चरण छलफलमा सहभागी भई क्षेत्रगत अध्ययनका लागि अनुमतिका आधारमा अध्ययन अगाडि बढाउनु पर्ने छ ।

५. यसरी निर्मित साधनहरु उद्देश्य अनुसार मेल खाने खालको हुनु पर्ने छ ।

६. शोध निर्देशकको सुझावका आधारमा क्षेत्रगत अध्ययन (Field Study) गरेर, सुधार गरेर पुनः तेस्रो चरण पछि शोध निर्देशकसँग आवश्यक छलफल गरी, सुधार गरी, अनुमतिका आधारमा अन्तिम मस्यौदा तयार गर्नु पर्ने छ । शोधपत्रको मस्यौदा तिन प्रति शैक्षिक प्रशासनमा बुझाउनु पर्ने छ ।

७. शोधपत्र प्रतिरक्षा पछि प्राप्त सुझावका आधारमा आवश्यकता अनुसार विज्ञलाई भाषा शुद्ध गर्न लगाई शोध निर्देशक र बाह्य परीक्षकको अनुमतिले Hard Binding गरी एक CD समेत पाँच प्रति क्याम्पसमा बुझाउनु पर्ने छ ।

८. Hard Binding गर्दा Book को किनारामा शोध शीर्षक, शोधकर्ताको नाम र शोधपत्र पुरा भएको साल समेत उल्लेख गर्नुपर्दछ ।

९. Hard Binding बुझाउँदा ग्लोबल बैंक लिमिटेड त्रि.वि. परीक्षा नियन्त्रण कार्यालय बल्खुको नाममा रु ५० को भौचर बुझाएको रसिद सहित शैक्षिक प्रशासनमा प्रस्तुत गर्नु पर्ने छ ।

१०. शोधपत्रमा शोधार्थीले पहिलो वर्षको भर्ना साल र दोस्रो वर्षको पहिलो पटकको परीक्षा रोल नं. र साल साथै त्रि.वि. दर्ता नं.अनिवार्य रूपमा राख्नु पर्ने छ ।

११. मूल्याङ्कन समितिको दस्तखत तथा शोधपत्र परीक्षा नियन्त्रण कार्यालयमा बुझाउने कार्यका लागि शोधार्थीले आफ्नै सक्रियतामा कार्य सम्पादन गर्नु पर्ने छ ।

१२. शोधपत्रको वाह्य परीक्षाको लागि क्याम्पसले शिक्षा शास्त्र सङ्काय डिनको कार्यालयमा पत्राचार गर्ने र त्यहाँबाट बाह्य परीक्षक खटिएपछि शोधपत्रको प्रतिरक्षाका लागि क्याम्पसले शोधार्थीलाई खबर गर्ने छ ।

१३. दुबै वर्षको परीक्षामा सफल भएपछि मात्र शोध पत्रको वाह्य परीक्षा हुने छ ।

**सहयोगी सामाग्रीहरुः**

ढकाल, माधव प्रसाद, कोइराला, मातृका (२०६८) । *शोध यात्रा* (*A student's journey to research proposal and thesis writing*). काठमाडौँः साझा प्रकाशन

भट्टराई, लोकनाथ, खनाल, विष्णु प्रसाद (२०६८) । *शैक्षिक अनुसन्धान पद्धति* । काठमाडौँः साझा प्रकाशन

Gupta, S. P. & Aryal, B. (2012). *Basic References Rules.* Unpublished seminar paper. Kathmandu Siksha Campus.

अन्य समसामयिक जर्नलहरु, अनुसन्धान प्रतिवेदनहरु, शोधपत्रहरु, पुस्तकहरु तथा इन्टरनेट स्रोतहरु

**नोटः विशेष जानकारीका लागि पाठ्याँशको सन्दर्भ सूची हेर्नु होला ।**

# इडी ५९८

# शैक्षिक योजना तथा व्यवस्थापनमा शोधपत्र लेखन

# Ed. 598

# Thesis Writing in Educational Planning and Management

# पाठ्याँश

Course title: **Thesis writing in educational planning and management**

Course no: Ed. 598 | Full marks: 50
Nature of the course: Practical | Pass marks: 25
Year: Second | Duration: Six months

**1. Course description**

This course is designed to provide the students with hands-on experience in educational research in the form of thesis writing. In this course, the student will have an opportunity to apply the theoretical knowledge of educational research in areas such as identification of research problem, development of research instruments, preparation of research design, collection, analysis and interpretation of data, and writing of the report in an organized way. The major purpose of the course is to help the students design, conduct and complete a piece of educational research independently.

**2. General objectives**

The general objectives of this course are as follows:

1 To prepare a research proposal as per the given format,

2 To develop competencies in identifying the problem, developing instruments and collecting, analyzing and interpreting the data,

3 To help students make an organized search and review of related literature,

4 To enable students to prepare a research report in their chosen area of study,

5 To enable students to use the findings of the research studies.

**3. Departmental requirements**

1 The students must have passed the first year of M.Ed. before undertaking the thesis work.

2 The students must have appeared in the examination of all subjects of M.Ed. second year before taking viva voce for the thesis.

3 The department research committee (DRC) will seek thesis proposal from the students, approve it, and designate the thesis supervisor for them.

4 The students should prepare and submit to the DRC a brief research proposal on the chosen area of study as per the format.

5 The students should present the proposal in the DRC to finalize it.

6 The students should undertake the research study under the guidance and supervision of the supervisor designated by the DRC.

7 The students should submit the final 5 bounded copies of the thesis together with an electronic copy to the department.

8 The thesis should be prepared as per the format recommended by the department. A format is suggested for this purpose.

9 The main text of the thesis should not be less than 50 pages and it should not be more than 75 pages.

10 Bigger tables are placed in Annex and referred in the main text where the analysis is made as ‘Annex table…’

11 Text or the write- ups should not be presented in bullets or numbers. The ideas and subject matters should be meaningfully grouped and discussed either under meaningful headings/sub headings or in paragraphs.

12 Recommendations or Implications should be grouped under Policy level, Practice level and Research level.

13 Each level of recommendation should not exceed meaningfully crafted 2 to 3 paragraphs and should include both what and how part.

14 Selection of literature and review should be relevant/ related to the objectives and it can be presented under the themes or sub themes

15 Discussion of theories and /or topic related perspectives/ concepts should also be relevant to the objectives

16 Research design should spell out clearly what kind of research it is and why it is relevant for this particular research.

17 The draft report should be thoroughly checked for its mistakes in sentence structures, spelling and typing before submitting it to the supervisor.

18 Literature review doesn't include reviews of the government documents such as plans, core documents, Acts, Rules and Regulations and reports of different commissions. They can be discussed under separate section/sub sections as government initiatives or perspective.

**4. Research Format**

The research format is an outline of necessary components of a research report for writing the thesis. The thesis report should have the following format:

1 **Cover page** of the thesis with title, administrative details of the researcher and the level for which it is written.

2 **Recommendation letter** (letter head of the department/campus)

3 **Approval letter** (letter head of the department/campus)

4 **Acknowledgment**

5 **Abstract** (an abstract of the thesis is not more than 350 words with the **topic, major objective, method and procedure, main findings** and **implications/ recommendations** of the study).

6 **Table of contents**

7 **Acronyms/ Abbreviations**

8 **List of tables** (If necessary)

9 **List of figures**(If necessary)

10 **List of charts and graphs** (If necessary)

**CHAPTER: ONE**

**INTRODUCTION**

1.1 Background of the study

1.2 Statement of the problem

1.3 Rationale of the study

1.4 Objectives of the study

1.5 Research question/s

1.6 Hypothesi(e) s of the study (if applicable)

1.7Delimitations of the study

1.8 Definition of the key terms (If necessary)

**CHAPTER: TWO**

**REVIEW OF RELATED LITERATURE AND THEORETICAL FRAMEWORK**

2.1 Review of related literature (national, regional and international)

2.2 Theoretical framework

2.3 Implications of the review for the research

**CHAPTER: THREE**

**METHODS AND PROCEDURES**

3.1 Research design (qualitative, quantitative and mixed design)

3.2 Population and sample

3.3 Source of data (primary and secondary)

3.4 Instrumentation

3.5 Data collection procedures

3.6 Data analysis procedures

**CHAPTER: FOUR**

**DISCUSSION OF RESULTS**

(This chapter is basically a discussion and interpretation of the findings which are treated as the results of the study. Analysis of findings, drawing findings from the analysis of the data and interpreting the findings therefore remain the core feature of the chapter. The themes for discussion should be generated from the objectives of the

thesis and supported by the field data. Each of the key points of discussion should be dealt as meaningful units/themes supported by findings derived from the analysis and interpretation of data/ information. Discussion of findings/ results- the main focus of this chapter- is therefore discussion of data related to the themes. Each of these themes should come up with relevant findings as related to the objectives of the thesis.)

The results/findings should be presented under specific components/themes as directed by the objectives of the thesis. The themes/ components can be grouped as/ under:

4.1

4.2

4.3

4.4

**CHAPTER FIVE:**

**CONCLUSIONS AND IMPLICATIONS/RECOMMENDATIONS**

5.1 Conclusions

5.2 Implications/Recommendations (of the research)- The implications/ recommendations should be drawn for three levels: policy level, practice level and research level.

**REFERENCES** (APA format)

**APPENDICES (**list of respondents, tools, raw data, large tables, etc.)

**5. Specific objectives of the research framework**

| **Specific objectives** | **Research framework** |
|---|---|
| 1 State briefly the background of the research study<br>2 State the problem in statement form<br>3 Provide the rationale of the study to justify the selection of the problem<br>4 State the objectives of the study in behavioral terms<br>5 Determine the delimitations of the study | **CHAPTER: ONE**<br>**INTRODUCTION**<br>1.1 Background of the study<br>1.2 Statement of the problem<br>1.3 Rationale of the study<br>1.4 Objectives of the study<br>1.5 Research question/s<br>1.6 Hypothesi(e)s if the study (If applicable)<br>1.7 Delimitations of the study<br>1.8 Definition of the key terms(If necessary) |

| | |
|---|---|
| 1 Review concerned reports, studies and researches in order to relate them to the theme of the study<br>2 Derive appropriate references from the reviewed literature to draw a conceptual frame work (theoretical framework) for the study.<br>3 Select appropriate theory to analyze and interpret the study as well as to develop theoretical framework for the study.<br>4 Draw implications from the review for own research | **CHAPTER: TWO**<br>**REVIEW OF RELATED LITERATURE AND THEORETICAL FRAMEWORK**<br>2.1 Review of related literature (national, regional and international)<br>2.2Theoretical framework<br>2.3 Implications of the review for the research |
| 1 Select appropriate research design<br>2 Define population and sample including the criteria<br>3 Determine the appropriacy of the research tools<br>4 Identify and select the proper sources of data<br>5 Identify the proper data collection procedures<br>6 Outline data analysis procedures | **CHAPTER: THREE**<br>**METHODS AND PROCEDURES**<br>3.1 Research design(qualitative, quantitative and mixed method )<br>3.2 Population and sample<br>3.3 Sources of data(primary and secondary)<br>3.4 Instrumentation<br>3.5 Data collection procedures<br>3.6 Data analysis procedures |
| 1 Triangulate the data to address the objectives and themes of the study<br>2 Systematize and analyze the data by organizing them into appropriate themes.<br>3 Discuss the results / findings in-line with the objectives of the study. | **CHAPTER: FOUR**<br>**DISCUSSION OF RESULTS** |
| 4 Derive conclusions of the study based on the discussion of the results,<br>5 Draw implications/ recommendations to address the problems/issues identified in the study. | **CHAPTER: FIVE**<br>**CONCLUSIONS AND IMPLICATIONS/ RECOMMENDATIONS** |

**6. Format of research proposal**

The format of research proposal for thesis writing is given below:

**Cover page** of the proposal with title, details of the researcher and the level for which it is written.

**Table of contents**

**Acronyms/ Abbreviations**

**List of tables** (If necessary)

**List of figures** (If necessary)

**List of charts and graphs** (If necessary)

**CHAPTER: ONE**

**INTRODUCTION**

1.1 Background of the study

1.2 Statement of the problem

1.3 Rationale of the study

1.4 Objectives of the study

1.5 Research question/s

1.6 Hypothesi(e)s of the study (If applicable)

1.7 Delimitations of the study

1.8 Definition of the key terms (If necessary)

**CHAPTER: TWO**

**REVIEW OF RELATED LITERATURE AND THEORETICAL FRAMEWORK**

2.1 Review of related literature (national, regional and international)

2.2 Theoretical framework

2.3 Implications of the review for the research

**CHAPTER :THREE**

**METHODS AND PROCEDURES**

3.1 Research design (qualitative, quantitative and mixed design)

3.2 Population and sample

3.3. Instrumentation

3.4 Sources of data (primary and secondary)

3.5 Data collection procedures

3.6 Data analysis procedures

**REFERENCES** (APA format)

**APPENDICES (**list of respondents, tools, raw data, tables, etc. if necessary)

**7. Evaluation of the thesis**

Evaluation of the thesis will be based on both the written quality and oral presentation of the researcher (student). A viva voce exam will be held to evaluate the quality of the thesis as presented by the researcher. A thesis evaluation committee will evaluate the thesis in consultation with both external and internal supervisors. The evaluation criteria are given below:

**Criteria for evaluating the thesis**

**Written quality** **Weightage (In percentage)**

| | |
|---|---|
| Appropriateness of the title | 5 |
| Clearly written abstract | 8 |
| Well stated objectives/ research questions | 6 |
| Convincing rationale of the study | 5 |
| Clarity of the literature review/conceptual framework | 9 |
| Appropriateness of theoretical/ conceptual framework | 6 |
| Clarity of methods and procedures | 10 |
| Critical discussion of results(analysis and interpretation of findings) | 10 |
| Appropriateness of conclusions and recommendations/ implications | 6 |
| References in APA style | 5 |
| Overall organization of the report (format, sequencing, flow) | 10 |

**Oral quality (Viva voce)**

| | |
|---|---|
| Confidence, fluency and clarity of presentation | 10 |
| Problem solving skills | 5 |
| Openness to comments and suggestions | 5 |

# भाग १ (Part One)

## नीतिगत आवश्यक सर्तहरु (Policy Requirements and Procedures)

क) यस पाठ्याँशको लागि शीर्षक छनोटमा सहयोगका लागि अभिमुखीकरण कार्यक्रम प्राक्टिकम र सामाजिक न्याय सँगसँगै सञ्चालन गरिने छ । उक्त कार्यक्रममा सहभागी नहुने विद्यार्थीलाई Proposal Workshop मा सहभागी गराइने छैन ।

ख) प्रत्येक विद्यार्थीले थेसिस लेखन पाठ्याँशको कार्यक्रमलाई दुई चरण अनिवार्य आवश्यकताको On Campus Phase चरण र Off Campus Phase मा सहभागी हुनुपर्ने छ । यसको मिति, स्थान र विधि क्याम्पस अनुसन्धान व्यवस्थापन समितिको निर्णय अनुसार हुने छ ।

## पहिलो चरण (First Phase)

## पूर्व अभ्यास कार्यक्रम (On Campus Programs/Pre-requisites)

क) स्नातकोत्तर पहिलो बर्षको परीक्षा उत्तीर्ण भएका तथा पुरानो वर्षका छुट भएका विद्यार्थीहरुका लागि वर्षका एक पटक यस पाठ्याँश तिन दिने (२/२ घण्टा) १ : १० प्राध्यापक विद्यार्थीको अनुपातमा कार्यशाला सञ्चालन गरिने छ । कार्यशालामा समावेश नहुने विद्याथीहरुलाई थेसिस लेखन पाठ्याँशमा संलग्न गराइने छैन ।

ख) प्रत्येक विद्यार्थीहरुले क्याम्पसले तोकेको ढाँचा अनुसार तया रेको ५७ पृष्ठको शोध प्रस्ताव सहित कार्यशालामा उपस्थित हुनुपर्ने छ । अन्यथा र्काशालामा सहभगी गराइने छैन ।

ग) शोध लेखनमा योग्य हुनका लागि प्रत्येक विद्यार्थीहरुले कार्यशालामा आआफ्नो शोध प्रस्तावको प्रतिरक्षा वा प्रतिवाद गरी शोधकार्यमा संलग्न हुन अनुमति लिनुपर्ने छ ।

# भाग २ (Part Two)

**दोस्रो चरण (Off Campus Phase)**

**शोध प्रस्ताव तथा शोधपत्र लेखन कार्य (Proposal and Thesis Writing)**

क) शोधपत्र तयार गर्दा त्रिभुवन विश्व विद्यालयको मूल खाका बमोजिम क्याम्पसले तोकेको format अनुसार तयार गरेको हुनु पर्ने छ ।

ख) प्रत्येक विद्यार्थीहरुले अनुमोदित शोध प्रस्ताव क्याम्पसले तोकेको शोध सुपरिवेक्षकको सरसल्लाह अनुसार परिमार्जन र विकास गर्नुपर्ने छ ।

ग) शोधपत्रको अवधि शोध प्रस्ताव अनुमोदन भएको मितिले अधिकतम १ वर्षसम्मको मानिने छ। अन्यथा पुनः दर्ता गर्नुपर्नेछ ।

घ) शोधकर्ताले न्यूनतम १५- २० दिनमा एक पटक शोध सुपरिवेक्षकको सम्पर्कमा रही कार्य गरेको हुनुपर्ने छ ।

ङ) शोधपत्र प्रस्तुत गर्ने विद्यार्थीले viva का लागि त्रि.वि. शैक्षिक योजना, व्यवस्थापन एवं अनौपचारिक स्थायी विषय समितिको अनुमति अनुसारको समय र स्थानमा परीक्षाको प्रवेशपत्र र क्यामपसको आवशयक सर्तहरु एवं कार्यविधिहरु सहित उपस्थित हुनुपर्ने छ ।

च) प्रत्येक विद्यार्थीले शोध निर्देशकको अनुमति पाएपछि क्याम्पसले तोकेको शोधपत्र शुल्क सहित ३ प्रति शोधपत्रको Draft क्याम्पसमा बुझाउनुपर्नेछ । उक्त Draft वाह्य परीक्षक, विभागीय प्रमुख एवं निर्देशकको उपस्थितिमा प्रत्येक शोधकर्ताले प्रतिरक्षा गर्नुपर्नेछ ।

छ) शोकार्तले शोध सुपरिवेक्षकसँग मर्यादापूर्वक अन्तरक्रिया स्थापित गर्नुपर्ने छ ।

ज) शोध सुपरिवेक्षकले निर्देशन दिने मात्र हो, शोधपत्रको पूर्ण जिम्मेवारी शोधकर्ता आफैंले पुरा गर्नुपर्ने छ ।

झ) थेसिस लेखनको format APA style अनुसार हुने छ । नेपालीको हकमा Font size Preeti 14 point हुनेछ । APA मा जुनसुकै ब्यवस्था गरिएको भए पनि line space 1.5 स्विकार्य हुनेछ ।

ञ) शोधकर्ताले शोधपत्र बुझाउँदा शोध सुपरिवेक्षकको स्वीकृति पत्र र मूल्याङ्कन समितिको सिफारिस क्याम्पसको Letter Pad मा समावेश गर्नुपर्ने छ ।

ट) शोधपत्रको मूल्याङ्कन समितिमा विभागीय प्रमुख, शोध सुपरिवेक्षक र बाह्य परीक्षक रहने व्यवस्था हुने छ । त्रिभुवन विश्व विद्यालयको निर्देश अनुसार यसमा अन्यथा हुन सक्ने छ ।

ठ) शोधकर्ताले शोधकार्य पुरा गर्न आवश्यकता अनुसार जति पटक पनि शोध लेखनको कार्य सुधार गर्दै जानु पर्ने छ ।

ड) शोधकर्ताले शोध मस्यौदा बझाउँदा विज्ञहरुबाट भाषा हेराई बुझाउनुपर्ने छ ।

ढ) मौखिक परीक्षापछि शोधपत्रको मस्यौदा को आवश्यक सुधार गरी ५ प्रति अन्ति हात्र बुभाउनपर्ने छ । उक्त शोधपत्रको एक Compact Disk (CD) समेत उपलब्ध गराउनुपर्ने छ । शोधपत्र प्रस्तुत गर्दा त्रि.वि. परीक्षा नियन्त्रण कार्यालय बल्खुको खातामा आवश्यक शुल्क तिरेको भौचरसाथ बुझाउनु पर्ने छ । सो ५ प्रति शोधपत्रमध्ये एक प्रति परीक्षा नियन्त्रण कार्यालयमा खामबन्दी (क्याम्पसको छाप सहित) बुझाउनु पर्ने छ ।

**प्रथम पेजको नमुनाः**

# शीर्षक

त्रिभुवन विश्व विद्यालय, शिक्षाशास्त्र सङ्काय, शैक्षिक योजना तथा व्यवस्थापन विशिष्टीकरण विषय अन्तर्गत स्नातकोत्तर तह (एम. एड) दोस्रो वर्षको थेसिस लेखन (इडी ५९८) को प्रयोगात्मक

आँशिक आवश्यकता परिपूर्तिका लागि प्रस्तुत

**प्रस्तावना/शोध प्रतिवेदन**

**शोधकर्ता**

.................

एम.एड. दोस्रो वर्ष

परीक्षा रोल नं..........

त्रि.वि. रजिस्ट्रेशन नं............

काठमाडौं शिक्षा क्याम्पस, इपिएम विभाग

रामशाहपथ, काठमाडौं

२०७१

**Model of Cover Page**

# Title

**Submitted to:**

Tribhuvan University, Faculty of Education, Specialization in Educational Planning and Management in Partial Fulifillment of Requirement of Thesis Writing Ed 598 for the Degree of Master's in Education

**PROPOSAL/THESIS REPORT**

**Submitted by:**

………….………..

Campus Roll No. ……

Exam No………………….

T. U. Registration No………..…

Kathmandu Shiksha Campus

Ramshah Path, Kathmandu

2071

# सन्दर्भ सूची (References)


काफ्ले, वासुदेव, धकाल हेमराज र अधिकारी किसान प्रसाद (२०६५) । *शिक्षामा सामाजिक न्याय ।* कीर्तिपुर, काठमाडौं : सनलाइट पब्लिकेसन ।

कोइराला, विद्यानाथ र आचार्य, सुशन (सम्पा. २०६१) । *सामाजिक न्यायको सेरोफेरो ।* काठमाडौंः स्टुडेण्टस बुक्स पब्लिसर्स एण्ड डिष्टिब्युटर्स ।

ढकाल, माधव प्रसाद (२०५५) । *अभ्यास शिक्षण : अवधारणा र अभ्यास,* (ते.सं २०६१) । काठमाडौं : रत्न पुस्तक भण्डार ।

बन्धु, चुडामणी (२०३४) । *अनुसन्धान प्रवन्धको रूप र शैली* । काठमाडौं : पाठ्यक्रम विकास केन्द्र, त्रिभुवन विश्वविद्यालय ।

American Psychological Association (APA) (2001). *Publication Manual of the American Psychological Association (5th Ed.)*. Washington.

Bell, Judith (1993). *How to complete your research project successfully: A guide for first time researchers*. New Delhi: GBS Publishers Ltd.

Gopalan, R. (2005). *Thesis writing.* Delhi: Mc Graw Hill Education Pvt.Ltd.

Gyawali, Damodar (1997). *A handbook of research scholars*. Kirtipur: Kalpana Gyawali

Koul, Lokehs 91994). *Methodology of educational research*. Delhi: Vikas Publishing House Pvt. Ltd.

Kothari, C.R. (2004). *Research methodology*. Delhi: New Age International Pvt. Ltd.

Mumaw, Catherine (1998). *Thesis dissertation manual for students in education*. Kathmandu: KU School of Education